फोन:०५६-४१०१२२/४१०१११
इमेल:ichchhakamanaruralmun@gmail.com
वेबसाइट: ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. २०८१/८२
च.नं.

मिति:२०८१/०७/२७

## करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मिति: २०८१/०७/२७ )**

इच्छाकामना गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा रिक्त पदमा करार सेवामा कर्मचारी पदपूर्ति गर्न आवश्यक भएको हुँदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले हासिल गरेको शैक्षिक योग्यता, अनुभव र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित यस कार्यालयमा रितपूर्वक आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स | विज्ञापन नं | पद | तह | माग संख्या | आवेदन दस्तुर रु |
|---|---|---|---|---|---|
| १ | ०४/२०८१/०८२ | मेडिकल अधिकृत | अधिकृत आठौं | १ (एक) | रु.१२००/- |
| २ | ०५/२०८१/०८२ | मनोसामाजिक परामर्शकर्ता | सहायकस्तर पाँचौं | १ (एक) | रु.७००/- |
| ३ | ०६/२०८१/०८२ | अ.हे.व | सहायकस्तर चौथो | १ (एक) | रु.५००/- |
| ४ | ०७/२०८१/०८२ | अ.न.मि | सहायकस्तर चौथो | २ (दुई) | रु.५००/- |

**१.छनौटको किसिम** इच्छाकामना गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९ बमोजिम संक्षिप्त सूची प्रकाशन र अन्तरबार्ता ।

**२ .आवश्यक न्यूनतम योग्यता र अनुभव:**

क) **मेडिकल अधिकृतको लागि** :नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट MBBS योग्यता प्राप्त गरी नेपाल मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र प्राप्त गरेको/नबिकरण गरेको ।

ख) **मनोसामाजिक परामर्शकर्ताको लागि :**

- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यताप्राप्त विश्व विद्यालयबाट पब्लिक हेल्थ/नरसिंङ/मनोविज्ञान/समाजशास्त्र/सोसियल वर्क/स्वास्थ्य शिक्षा बिषयमा स्नातक तह उतिर्ण वा पोस्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उतीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धि ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेको र सोहि काम सम्बन्धि अनुभवी स्थानीय महिलालाई प्राथमिकता दिइनेछ।

ग) **अ.हे.व.को लागि** : नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.हे.व /CMA योग्यता प्राप्त गरी सम्बन्धित काउन्सिलको दर्ता प्रमाणपत्र प्राप्त गरेको/नबिकरण गरेको ।

घ) **अ.न.मि.को लागि** : नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मि/ANM योग्यता प्राप्त गरी सम्बन्धित काउन्सिलको दर्ता प्रमाणपत्र प्राप्त गरेको/नबिकरण गरेको ।

**३ .आवेदन दिने स्थान:** इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार, चितवन।

**४. आवेदन दिने अन्तिम मिति:** २०८१/०८/११ सम्म, अन्तिम मितिमा सार्बजनिक बिदा पर्न गएमा सो भोलिपल्ट कार्यालय समयभित्र।

**५आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु: .**

क .नागरिकताको प्रतिलिपी ख. चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ग. आवेदन दस्तुर तिरेको रसिद

घ.न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्रको प्रतिलिपी

ङ. २ प्रति पासपोर्ट साइजको फोटो र काउन्सिल दर्ता प्रमाण पत्रको प्रतिलिपी

च.कामसँग सम्बन्धित तालिम वा अनुभव भए अनुभव पुष्टि गर्ने कागजातको प्रतिलिपि

छ.मनोसामाजिक परमर्शकर्ताको हकमा कम्प्यूटर सीप सम्बन्धि तालिम भए सो को प्रमाणपत्रको प्रतिलिपी

**६.उमेर हद:** मेडिकल अधिकृत पदको हकमा आबेदन दिने अन्तिम मिति सम्म २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको र अन्य पदको हकमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको।

७ .**अन्तरवार्ता मिति:** संक्षिप्त सूची प्रकाशन सँगै तोकिने छ।

८.सेवा सुबिधा तथा अन्य: गाउँ कार्यपालिकाले तोके बमोजिम।

**पुनश्च:** आवेदनको ढाँचा गाउँपालिकाको वेब साइट www.ichchhakamanamun.gov.np मा उपलब्ध छ र अन्य जानकारीको लागि यस गाउँकार्यपालिकाको कार्यालयमा सम्पर्क राख्नुहोला।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत